# गौरीगञ्ज राजपत्र

## गौरीगञ्ज गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड १ संख्या २, माघ २० गते, २०७५ साल**

**भाग २**

गौरीगंज गाउँपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सामुदायिक विकास कोष (स्थापना र संचालन) कार्यविधि, २०७५

# सामुदायिक विकास कोष ( स्थापना र संचालन ) कार्यविधि, २०७५

स्थानीय शासन संचालन ऐन, २०७४ को नियम १०२ ले दिएको अधिकार प्रयोग गरी गौरीगंज गाउँपालिका, झापाले यो कार्यविधि बनाएको छ ।

भाग-१

१) संक्षिप्त नाम तथा प्रारम्भ :

१. यो कार्यविधिको नाम सामुदायिक विकास कोष ( स्थापना र संचालन ) कार्यविधि २०७५ रहेको छ ।

२. यो कार्यविधि गाउँपालिकाले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय शासन संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) "कोष" भन्नाले कार्यविधिको दफा ३ बमोजिम स्थापना तथा संचालन हुने सामुदायिक विकास कोष सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले कोषको व्यवस्थापन र संचालन गर्न दफा ४ बमोजिम गठित संचालक समिति सम्झनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

ङ) "सदस्य" भन्नाले समितिका सदस्य सम्झनु पर्दछ र सो शब्दले समितिका अध्यक्ष समेतलाई जनाउंदछ ।

च) "गाउं विकास कार्यक्रम" भन्नाले सामुदायिक व्यक्ति, सामाजिक परिचालनका माध्यमद्वारा सामुदायिक संस्थामा आवद्ध भई आफ्नो वा अन्य स्रोत मार्फत सिप विकास प्रवर्द्धन गर्न आफ्नो जीवनस्तरमा सुधार ल्याउन एवम् समुदायको माध्यमद्वारा गाउंको विकास गर्न, समुदाय स्तरको निर्णय प्रक्रियामा सक्रिय सहभागिताका साथ संगठन, बचत र सिप परिचालन हुनुलाई गाउं विकास कार्यक्रम सम्झनु पर्दछ ।

छ) "सामुदायिक संस्था" भन्नाले सामाजिक तथा आर्थिक विकासका लागि सामाजिक परिचालनको माध्यमबाट बस्ती स्तरमा महिला तथा पुरुष समूहहरु छुट्टाछुट्टै वा मिश्रित रुपमा आवद्ध भएको समूहलाई सम्झनु पर्दछ । यसले समूह समूह आपसमा मिली गठन भएको संघ वा संगठनलाई समेत जनाउनेछ ।

## भाग-२ कोषको स्थापना र संचालन

३) **कोषको स्थापना र संचालन :**

१. सामुदायिक विकास कोषको नामबाट गाउँपालिकामा एक कोषको स्थापना हुनेछ ।

२. उपदफा ( १ ) बमोजिम स्थापना भएको कोषमा देहाय बमोजिमका रकम हुनेछन् ।

क) गाउं विकास कार्यक्रम तथा अन्य विशेष कार्यक्रम संचालन गर्न नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) समपुरक कोष ( म्याचिङ्ग फण्ड ) को रुपमा गाउंपालिका वा वडा कार्यालयबाट प्राप्त रकम ।

ग) कोषले आफ्नो रकम र चल अचल सम्पत्ति लगानी गरे वापत प्राप्त ब्याज, सेवा शुल्क र हर्जाना रकम ।

घ) कोषले नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, अन्य कोष, बैंक, वित्तिय संस्था वा ऋण प्रदान गर्ने अन्य संघ संस्थाबाट लिएको ऋण तथा सापटी, गाउं विकास कार्यक्रमसंग सम्बन्धित कार्यक्रम वा स्थानीय जनताको जीवनस्तर उकास्न र गाउंको आर्थिक विकासका मद्दत गर्ने कार्यक्रम संचालन गर्न नेपाल सरकारका, गरिवी निवारण कोष, विदेशी मित्रराष्ट्र, अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय दातृ संस्था, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एवम् अन्य अन्तरसरकारी संगठनले कार्यक्रमको खर्च व्यहोर्ने आधारमा कोषले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नेपाल सरकारको पूर्वस्वीकृति लिई सम्बन्धित दातासंग समझदारी गरी सम्झौता अनुरुप कार्यक्रम संचालन गर्न सक्नेछ । तर यस प्रकारको ऋण वा सापटी लिनु परेको अवस्थामा गाउँ सभाबाट ऐन स्वीकृत भएको हुनु पर्नेछ ।

ङ) सामुदायिक संस्थाले लगानीको रुपमा जम्मा गर्न ल्याएको बचत रकम तथा

च) अन्य स्रोतबाट प्राप्त रकम ।

३. समितिले कोषको रकम गाउँपालिका स्थित समितिले निर्णय गरेको कुनै बैंकमा खाता खोली राख्नेछ ।

४. कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

५. गाउं विकास कार्यक्रमको संचालन तथा व्यवस्थापन खर्चहरु नेपाल सरकार, दातृ संस्था, जिल्ला समन्वय समिति तथा गाउंपालिकाको अनुदान वा कार्यक्रम रकमबाट व्यहोरिनेछ । तर यसरी अनुदान रकम प्राप्त हुन नसकेमा गाउ विकास कार्यक्रम संचालन सम्बन्धी खर्च कोषको ऋणपूंजी संचालनबाट प्राप्त व्याज, जिल्ला समन्वय समिति तथा गाउंपालिकाबाट प्राप्त अनुदान रकम तथा अन्य कुनै संघ संस्थाबाट उपलब्ध स्रोतबाट व्यहोरिनेछ ।

६. नेपाल सरकारले गरिवी निवारणका लागि यस कोष मार्फत शर्त सहित, शर्त रहित र प्राथमिकता क्षेत्र भित्र मांग अनुसार संचालन हुने कार्यक्रमका लागि रकम उपलब्ध गराउन सक्नेछ ।

**४) संचालक समितिको गठन :**

१) कोषको संचालन र व्यवस्थापनको लागि देहाय बमोजिमका सदस्य रहेको एक संचालक समिति गठन हुनेछ ।

क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष

ख) गाउँपालिकाका उपाध्यक्ष - सदस्य

ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) गाउं विकास कार्यक्रम लागू भएका वडाका वडा अध्यक्षहरु - सदस्य

ङ) सामुदायिक संस्थाका अध्यक्षहरुले आफु मध्येबाट छानेको प्रतिनिधि एक जना र सामुदायिक संस्थाका सचिवहरुले आफुले मध्येबाट छानेको प्रतिनिधि एक जना गरी कुल दुई जना - सदस्य

च) गाउँपालिका स्थित कृषि सहकारी संस्थाहरुका अध्यक्षहरु मध्ये समितिका अध्यक्षले मनोनित गरेको एकजना प्रतिनिधि - सदस्य

छ) अध्यक्षले गाउँपालिका स्थित विषयगत शाखाहरुका प्रमुखहरु- सदस्य

ज) गाउँपालिका स्थित उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना - सदस्य

झ) सामुदायिक विकास कोष संचालन तथा व्यवस्थापनको काम गर्ने कर्मचारी - सदस्य सचिव

२. सामुदायिक विकास कोष मार्फत कार्यक्रम संचालन गर्ने कार्यक्रमसंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको गाउँपालिका स्थित प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।

३. सामुदायिक विकास कोष मार्फत कार्यक्रम संचालन गर्ने कार्यक्रमसंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको गाउँपालिका स्थित प्रतिनिधि तथा विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ तर त्यस्तो सदस्यलाई बैठकमा मतदान गर्ने अधिकार हुने छैन ।

गाउं विकास कार्यक्रम लागू भएका प्रत्येक वडाका सामुदायिक संस्थाका अध्यक्ष र सचिवको गाउं पालिका

स्तरीय भेलाले उपदफा (१) को खण्ड (ङ) को प्रयोजनको लागि एक जना अध्यक्ष र एक जना सचिवलाई आ - आफ्नो प्रतिनिधिको रुपमा छान्नेछन् । यसरी अध्यक्ष र सचिवबाट आ-आफ्नो प्रतिनिधि छनौट गर्नु आवश्यक हुनेछ । वडा क्षेत्रबाट छानिएका अध्यक्ष र मेनेजर गाउँ कार्यपालिकाको कार्यालयमा संयुक्त रुपमा भेला भई एक जना अध्यक्ष र एक जना सचिवको छनौट गर्नेछन् । यस प्रक्रियाबाट अध्यक्ष र सचिवको प्रतिनिधि छनौट गर्दा एक जना महिलाको छनौट गर्नु अनिवार्य हुनेछ ।

४. सामुदायिक विकास कोषलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ संस्थाबाट प्राप्त सहयोगको संचालन तथा व्यवस्थापन गर्न सम्बन्धित संस्थाबाट आवश्यक प्राविधिक सहयोग लिन सक्नेछ ।

कोष संचालक समितिको निर्णय कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।

५) समितिको बैठक :

१ समितिको बैठक महिनामा कम्तीमा पनि एक पटक बस्नेछ ।

२ समितिको बैठक समितिको सचिवालयमा अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

३ समितिको बैठक बस्ने सूचना बैठक बस्ने मिति भन्दा कम्तीमा ७ दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ । त्यस्तो सूचनामा बैठकमा छलफल गरिने विषयहरु समेत समावेश हुनु पर्नेछ । तर निश्चित मिति तोकी बैठक बस्ने दिन निर्धारण भएकोमा पटक पटक सूचना दिनु आवश्यक पर्ने छैन । विशेष कुनै कारण परी तुरुन्त समितिको बैठक बस्नु पर्ने भएमा अध्यक्षले वा अध्यक्षको आदेशले सचिवले २४ घण्टा अगाडि बैठकको कार्य सूची सहितको सुचना दिई बैठक बोलाउन सक्नेछन् ।

४ गाउँपालिकाको अध्यक्षको निर्वाचन नभएको अवस्थामा गाउँपालिकाको अध्यक्ष भई काम गर्ने भनि तोकिएको व्यक्तिले अध्यक्षको हैसियतले कार्य गर्नेछन् ।

५. बैठकमा भएका छलफल तथा निर्णयलाई सचिवले निर्णय पुस्तिकामा अभिलिखित गरी बैठकको अध्यक्षबाट प्रमाणित गराउने छन् ।

६. कोषका सदस्यहरु व्यक्तिगत र सामुहिक रुपमा गाउँपालिका प्रति जवाफदेही हुनेछन् ।

७. समितिको महत्वपुर्ण निर्णयहरु तथा आय व्यय विवरण सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिनेछ ।

६) कोषको कार्य : कोषले गर्ने कार्य देहाय बमोजिम हुनेछन् :

१. गाउं विकास क्षेत्रका विभिन्न बस्ती तहमा, सामुदायिक संस्था खडा गर्न स्थानीय समुदायलाई सहयोग गर्ने ।

२. उपदफा ( १ ) बमोजिम गठन हुने सामुदायिक संस्थाले देहाय बमोजिमका समूह बनाउन सहयोग पुऱ्याउने :

क) पुरुष समूह ख) महिला समुह

ग)पुरुष र महिला मिश्रित समूह

३. बचतबाट पूंजी संकलन तथा परिचालन गर्न सामुदायिक संस्थालाई सहयोग गर्ने ।

४. ग्रामिण जनतामा उद्यम विकास गर्न तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

५. कृषि तथा गैर कृषि क्षेत्रमा उद्यम विकास कार्यक्रम संचालन गर्न ऋणपूंजी उपलब्ध गराउने ।

६. उत्पादनशील कार्यक्रम संचालन गर्ने कार्यमा संस्थागत तथा मानव क्षमता अभिवृद्धि गराउन सहयोग गर्ने ।

७. सामाजिक, आर्थिक तथा वातावरणीय समस्यालाई दृष्टिगत गर्दै एकीकृत गाउँ विकास योजना लागू गर्न सहयोग गर्ने ।

८. गरिवी निवारण कार्यमा सामुदायिक संस्थाहरुको क्षमता अभिवृद्धि गर्नमा सहयोग गरी त्यस्ता संस्थालाई गरिवी निवारण कार्यक्रममा क्रियाशिल गराउने ।

९. सामुदायिक संस्थाका क्रियाकलापहरुको अनुगमन तथा मुल्यांकन गर्ने ।

१०. उपदफा (२) बमोजिम गठन भएका संस्थालाई सामाजिक परिचालन गर्न आवश्यक सहयोग पुर्‍याउने ।

११. स्वशासित सामुदायिक संस्थाको अवधारणा अनुसार मानव संसाधन विकास गर्न आवश्यक कार्य गर्ने गराउने ।

१२. सामुदायिक संस्थाको प्रशासनिक र व्यवस्थापकीय क्षमता विकास सहयोग गर्ने र त्यस्ता संस्थाको काम कारवाहीमा पारदर्शिता ल्याउन सहयोग गर्ने र

१३. कोषले सामुदायिक संस्थालाई ऋण तथा अनुदान (सामाजिक तथा आर्थिक विकास कार्यक्रम) उपलब्ध गराउनका लागि देहायमा उल्लेख भए अनुसारका हुनेछन् ।

क) सामुदायिक संस्था आफ्नो क्षेत्रको वडासंग आवद्ध भएको र सामुदायिक विकास कोषमा दर्ता भएको हुनु पर्ने ।

ख) सामुदायिक संस्थाले नियमित रुपमा आफ्नो बैठक गरेको र प्रत्येक बैठकमा कम्तीमा ८० प्रतिशत सदस्यहरुले भाग लिएको हुनु पर्ने ।

ग) सामुदायिक संस्थाले बचत तथा ऋण कार्यक्रम शुरु गरेको एवम् निर्णय गरेको प्रक्रियामा पारदर्शिता भएको हुनु पर्ने ।

घ) ऋण प्रवाहको लागि सामुदायिक संस्थाले आफ्नै बचत प्रयोग गरेको एवम् हिसाब तथा अभिलेख प्रणाली व्यवस्थित रुपमा अपनाएको हुनु पर्ने ।

ङ) सामुदायिक संस्थाको आफ्नो बचतले मात्रै सदस्यलाई ऋण प्रवाह गर्न अपुग भएको हुनु पर्ने ।

च) बैठकमा प्रस्तुत हुने प्रत्येक विषय माथि छलफल गरी निर्णय प्रक्रिया सर्वसम्मत ढंगले भएको हुनु  पर्ने ।

च) सामुदायिक संस्थाले आपसी सरसल्लाहबाट कार्यक्रम योजना तर्जुमा गरेको हुनु पर्ने ।

छ) सामुदायिक संस्थाका सदस्यहरु एकजुट भएर आफ्नो संस्थालाई तथा  बस्तीलाई फाइदा हुने कुनै नमुना काम गरेको हुनु पर्ने ।

ज) सामुदायिक संस्थाहरुले सहभागितामा आधारित योजना तर्जुमा तथा मुल्यांकन प्रणाली अपनाएको हुनु पर्ने ।

झ) सामुदायिक संस्थाले आफ्नो सदस्यहरुको गरिवी वर्गिकरण गरी अभिलेख राखेको हुनु पर्ने ।

ञ) सामुदायिक संस्थाहरुले आफ्नो विकासको दिर्घकालिन सोच बनाएको  ।

१४. सामुदायिक संस्थाले आफ्ना सदस्यलाई सहयोग उपलब्ध गराउने न्यूनतम आधारहरु कोषले निर्धारण गर्नेछ । कोषले सामुदायिक संस्थालाई ऋणपूंजीको रकम ब्याज र सेवा शुल्क लिने गरी ऋणको रुपमा प्रदान गर्नेछ । ऋणपूंजी निकासा तथा त्यसलाई असुल उपर गर्ने सम्बन्धी शर्तहरु कोष र सामुदायिक संस्था विच सम्पन्न हुने सम्झौतामा उल्लेखभए बमोजिम हुनु पर्नेछ ।

१५. कोषले सामुदायिक संस्थालाई आपसी सम्झौताको आधारमा अन्य सेवा सुविधा उपलब्ध  गराउन

सक्नेछ । त्यस्ता सेवा सुविधाहरु आफ्ना कर्मचारी मार्फत, सम्बन्धित वडा कार्यालयद्वारा, तालिम केन्द्र परामर्शद्वारा कम्पनी, गैरसरकारी संस्था, निजी फर्म, व्यक्ति विशेष तथा अन्य उपयुक्त संस्थाहरु मध्येबाट उपलब्ध गराउन सकिनेछ ।

१६. कोषले सामुदायिक संस्थालाई अधिकतम ५ प्रतिशत वार्षिक ब्याज दर कायम गरी ऋणपूंजी थोकमा लगानी गर्न सक्नेछ । सामुदायिक संस्थाले कोषबाट लिएको ऋण आफ्ना सदस्यलाई संस्थाको सामुहिक जिम्मेवारीमा प्रवाह गर्नेछ । सामुदायिक संस्थाले ऋणको अधिकतम ब्याज ५ प्रतिशत र सेवा शुल्क अधिकतम १ प्रतिशत गरी ब्याज र सेवा शुल्क वापत कुल ६ प्रतिशत रकममा नबढ्ने गरी कोषलाई ब्याज मासिक रुपमा र किस्ता चौमासिक रुपमा बुझाउनेछ । साथै सामुदायिक संस्थाहरुले कोषबाट प्राप्त रकमलाई थप ५ प्रतिशत भन्दा बढी ब्याजदर लिन पाउने छैन ।

१७. उपदफा ( १६ ) बमोजिम कोषबाट लिएको ऋण सामुदायिक संस्थाले आफ्नो सदस्यहरुमा आफ्नै प्रचलित नियम तथा निश्चित ब्याज दरमा लगानी गर्नेछ । उपदफा ( १७ ) बमोजिम असुल उपर गरिने ब्याज मध्येबाट सामुदायिक संस्थाले आफुले निर्णय गरेको प्रतिशत रकम सामुदायिक संस्थामा ऋण लगानी र असुलमा संलग्न रहेका अध्यक्ष, सचिव वा सदस्यको पारिश्रमिक, भत्ता वा प्रोत्साहन स्वरुप खर्च

गर्न सकिनेछ र केही प्रतिशत रकम सामुदायिक संस्थाको बचत एवम् संचालन तथा संस्थागत विकास कार्यमा आवश्यकता अनुसार खर्च गर्न सकिनेछ ।

१८. भुक्तानी कार्यक्रम बमोजिम सांवा किस्ता रकम र सो को सेवा शुल्क ब्याज तोकिएको मितिमा चुक्ता नगरेमा सामुदायिक संस्थाले निर्धारित छुट अवधि पछि भाखा नाघेको किस्ता रकमको १ प्रतिशत हर्जाना कोषलाई बुझाउनु पर्नेछ । सामुदायिक संस्थाले आफ्नो सदस्यहरुलाई लगानी गरेको रकम भुक्तानी कार्यक्रम बमोजिम सांवा, ब्याज र सेवा शुल्क रकम तोकिएको मितिमा चुक्ता हुन नआएमा निर्धारित छुट अवधि पछि भाखा नाघेको किस्ता रकमको सामुदायिक संस्थाले तोकेको प्रतिशत हर्जाना ऋणीबाट असुल उपर गर्नेछ ।

१९. कोषले उपदफा ( १६ ) र ( १८ ) बमोजिम प्राप्त गरेको ब्याज, सेवा शुल्क र हर्जाना कोषको संचालन खर्च ऋणपूंजी बृद्धि गर्न प्रयोग गर्नेछ ।

२०. कोषको रकम हराए वा नासिएमा क्षतिपूर्ति र सुरक्षाको लागि आवश्यक विमा नीति तयार गरी लागू गर्न सकिनेछ ।

२१. कोषले सामुदायिक संस्थाको सदस्यको आयस्तर र जीवनस्तर अभिवृद्धि गर्न प्रत्यक्ष मद्दत पुऱ्याउने सिंचाई, धारा, पुलेसा, स्यालो ट्युबवेल, इनार, स-साना ढल, शौचालय सरसफाई, बृक्षारोपण तथा

संरक्षण आदि जस्ता उत्पादनमुलक विकास निर्माण कार्यका लागि अनुदान दिन सक्नेछ तर विउपूंजीको अनुदानले सामुदायिक संस्थाको सकेसम्म धेरै सदस्यहरुलाई फाइदा पु¥याउनु पर्ने हुन्छ ।

२२. कोषले नेपाल सरकार, विदेशी मित्रराष्ट्र, अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय दातृ संस्था, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, अन्य अन्तरसरकारी संगठन एवम् व्यक्तिबाट अनुदान प्राप्त गर्न सक्नेछ । सो अनुदान सम्झौतामा तोकिएको शर्त अनुरुप विकास निर्माण तथा संचालन कार्यमा प्रयोग गर्न सक्नेछ ।

२३. कोषले नेपाल सरकार, बैंक वा वित्तिय संस्था, जिल्ला समन्वय समिति, अन्य सामुदायिक विकास कोष वा ऋृण प्रदान गर्ने अन्य संघ, संस्थाबाट प्रचलित ऐन र नियम बमोजिम ऋृण प्राप्त गर्न सक्नेछ ।

२४. कोषले आफ्नो सञ्चित रकमबाट अन्य सामुदायिक विकास कोषलाई ऋृण प्रदान गर्न वा कुनै वाणिज्य बैंक वा वित्तिय संस्थामा लगानी गर्न सक्नेछ ।

२५. कोषले ऋृणपूंजी लगानी गरी प्राप्त गरेको ब्याज रकम कोषको संचालन तथा व्यवस्थापन खर्च र सोही ऋृणपूंजी रकममा थप गरी ऋृणपूंजीको रकम बृद्धि गर्नेछ ।

२६. कोषले वडा कार्यालयबाट र गाउँपालिकाबाट समपुरक कोष ( म्याचिङ्ग फण्ड ) को रुपमा रकम प्राप्त गर्न सक्नेछ ।

२७. सामुदायिक विकास कोषले संघीय सरकार, प्रदेश सरकार, गरिवी निवारण कोष, जिल्ला समन्वय समिति, गाउँपालिका, वडा कार्यालय, विदेशी मित्रराष्ट्र, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दातृ संस्था, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, अन्तरसरकारी संगठन तथा व्यक्तिबाट संचालन तथा व्यवस्थापन खर्च अनुदान प्राप्त गर्न सक्नेछ । साथै कोषले संचालन तथा व्यवस्थापन खर्च तथा दिगोपनाको लागि आफ्नै रणनीति तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

२८. कोषले निजी क्षेत्र र गैरसरकारी संस्थाको सेवा र सहयोग प्राप्त गरी आफ्नो कार्यक्रम संचालन गर्न सक्नेछ ।

२९. कोषले सामुदायिक संस्थालाई लघुकर्जा प्रवाह गर्न सक्नेछ ।

३०. कोषले जिल्ला तथा गाउंहरुको वस्तुस्थिति र आवश्यकता अनुसार गरिव तथा पिछडिएका जनजाति तथा आदिवासीहरुको उत्थानको निमित्त छुट्टै विशेष कार्यक्रम तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

## ७) समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. कोष संचालन सम्बन्धमा नीति निर्माण गरी स्वीकृतिका लागि गाउँपालिकामार्फत गाउँसभा समक्ष पेश गर्ने ।

२. कोषको चालु कार्यक्रम र बजेट तयार गरी गाउँसभामा गाउँपालिका मार्फत पेश गर्ने तथा स्वीकृत कार्यक्रम संचालन गर्ने ।

३. कोषको कार्य विवरणको चौमासिक तथा वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिकामा समिक्षाको लागि प्रस्तुत गर्ने तथा कुनै दातृ संस्थाको सहयोगमा संचालित कार्यक्रमको हकमा दातृ संस्थाले मांग गरेको अवधिको प्रगति प्रतिवेदन उपलब्ध गराउने ।

४. स्वीकृत कार्यक्रम तथा क्रियाकलापहरुको संचालन सम्बन्धी योजना तथा कार्यतालिका तयार गरी स्वीकृत गरेर कार्यान्वयन गर्ने/गराउने ।

५. सामुदायिक संस्थालाई ऋण तथा विउपूंजी प्रदान गर्दा तोकिएका शर्तहरु पुरा भए नभएको अनुगमन र मुल्यांकन गर्ने र सुझाव तथा निर्देशन दिने ।

६. कोषको उद्देश्य अनुरुप काम गर्न अन्य आवश्यक कार्य गर्ने ।

७. कोषमा दर्ता हुन आउने सामुदायिक संस्था दर्ता गर्ने ।

८) **ऋणपूंजी लगानी तथा असुली :**

१. कोषले सम्बन्धित वडा कार्यालयको सिफारिस भएपछि सामुदायिक संस्थालाई ऋण प्रवाह गर्न सक्नेछ ।

२. कोषले ऋणपूंजी उपलब्ध गराउनु पुर्व प्रत्येक सामुदायिक संस्थासंग ऋण लगानीका शर्तहरु, ऋण रकमको सीमा, ऋण लगानीका प्रक्रिया, ब्याज दर, सेवा शुल्क, हर्जाना, ऋण असुली प्रक्रिया र ऋण रकमको सदुपयोग, ऋण चुक्ता, ऋण रकमको अनुगमन गर्ने जवाफदेही उल्लेख गरी सम्झौता वा साझेदारीको सहमति पत्र सम्पन्न गर्नु पर्दछ ।

३. यस कार्यविधिको प्रयोजनको लागि वडा कार्यालयले आफ्नो वडा क्षेत्रभित्रका सामुदायिक संस्थाहरुलाई कोषबाट ऋण उपलब्ध गराउन सिफारिस गर्ने कार्य गर्न सक्नेछ ।

४. कोषले उपदफा ( १ ) बमोजिम सम्बन्धित वडाको सामुदायिक संस्थालाई ऋणपूंजी उपलब्ध गराउंदा सम्बन्धित सामुदायिक संस्थाको अध्यक्ष र सचिवसंग संयुक्त रुपमा तोकिएको भाखामा ब्याज र सेवा शुल्क सहित सांवा रकम र भाखा नाघेपछि हर्जाना समेत सामुदायिक संस्थाले चुक्ता गर्नुपर्ने र नगरेमा गाउँपालिकाले सामुदायिक संस्था उपर कानूनी कार्यवाही गरी असुल उपर गर्न सकिने शर्त राखी सम्झौता गर्नु पर्नेछ ।

५. उपदफा ( १ ) बमोजिम कोषबाट ऋण लिने सामुदायिक संस्थाको कोषसंग भएको सम्झौता वा साझेदारीको सहमति पत्र बमोजिम निर्धारित भाखामा आफुले कोषलाई बुझाउनु पर्ने ऋण रकमको सांवा, ब्याज र सेवा शुल्क वापतको रकम बुझाई सक्नु पर्नेछ । निर्धारित मिति पछि ऋण चुक्ता गरेमा हर्जाना तिनु पर्ने भए सो समेत कोषलाई बुझाउनु पर्नेछ ।

६. सामुदायिक संस्थाबाट ऋण लिने ऋणीहरुले कोषसंग भएको सम्झौता बमोजिम निर्धारित भाखामा आफ्नो संस्थालाई बुझाउनु पर्ने ऋण रकमको सांवा, ब्याज र सेवा शुल्क बुझाउनु पर्दछ । तोकिएको भाखामा पछि ऋण चुक्ता गरेमा हर्जाना लाग्ने भएमा सो समेत संस्थालाई बुझाउनु पर्नेछ ।

७. सामुदायिक संस्थाले कोषबाट लिएको ऋण रकम ऋण आवेदनमा तोकिएको आफ्ना सदस्यलाई ऋण प्रवाह गरी ऋणीले ऋणको सांवा, ब्याज, सेवा शुल्क र हर्जाना तिर्नु पर्ने भए सो समेत संस्थालाई चुक्ता गरिसकेकोमा सामुदायिक संस्थाका अध्यक्ष र सचिवले असुल भएको रकम हिनामिना गरी कोषलाई चुक्ता नगरेमा सामुदायिक संस्थाले ऋण असुली कारवाही गर्ने, सामुदायिक संस्थाले नसके अध्यक्ष सचिव भेलाले कारवाही प्रक्रिया अगाडि बढाउने र उक्त प्रक्रिया अनुसार पनि असुली हुन नसके अध्यक्ष सचिव भेला वा वडा समितिको

सिफारिसमा गाउँपालिकाले अध्यक्ष वा सचिव वा सम्बन्धितलाई कानूनी कार्यवाही गरी निजहरुको घरघरनाबाट सरकारी मस्यौट ( बांकी ) सरह असुल उपर गर्नेछ ।

८. सामुदायिक संस्थाले कोषलाई बुझाउनु पर्ने सांवा, ब्याज र सेवा शुल्क भाखा नाघेको समयपछि नबुझाएमा ऋण दिइने छैन ।

९. सामुदायिक संस्थाले कोषबाट लिएको ऋण रकम ऋण आवेदनमा तोकिएका आफ्ना सदस्यहरुलाई ऋण लगानी गरी ऋणीले ऋणको सांवा, ब्याज, सेवा शुल्क र हर्जाना तिनु पर्ने भए सो समेत संस्थालाई चुक्ता नगरी संस्थाले ऋण रकम, ब्याज, सेवा शुल्क र हर्जाना समेत कोषलाई चुक्ता गर्न नसकेमा सामुदायिक संस्थाले ऋण असुली कारवाही गर्ने, अध्यक्ष सचिव भेलाले कारवाही प्रक्रिया अगाडि बढाउने र उक्त प्रक्रिया अनुसार पनि असुली हुन नसके अध्यक्ष सचिव भेला वा वडा समितिको सिफारिसमा गाउँपालिकाले सोझै ऋणी उपर कानूनी कार्यवाही गरी निजको घरघरानाबाट सांवा रकम, ब्याज, सेवा शुल्क र हर्जाना असुल उपर गर्नेछ ।

१०. उपदफा ( ९ ) बमोजिम ऋणीसंग कानूनी कार्यवाही गरी असुल भएको रकम मध्ये सामुदायिक संस्थासंग असुल गर्नुपर्ने सांवा रकम, ब्याज, सेवा शुल्क र

हर्जाना रकम कट्टी गरी बढी भएको रकम कोषले सम्बन्धित संस्थालाई फिर्ता गर्नु पर्दछ ।

११. कोषले सामुदायिक संस्थालाई र सामुदायिक संस्थाले आफ्नो सदस्यहरुलाई ऋण लगानी गर्दा गरिवी वर्गिकरणको आधारमा सबभन्दा विपन्न वर्ग तथा पिछडिएको महिला र पुरुषलाई प्राथमिकता दिनु पर्दछ ।

१२. कोषले सामुदायिक संस्थाका सदस्यहरुलाई कुनै बैंक, वित्तिय संस्थाबाट कर्जा प्रवाह गर्न ती निकायसंग सम्बन्ध स्थापित गर्न सक्नेछ ।

**९) कर्मचारी सम्बन्धी व्यवस्था :**

१. कोषका कार्य गर्न तथा रेखदेख गर्न गाउँपालिकाको प्रशासन शाखाको कर्मचारीलाई जिम्मा दिइनेछ । साथै कोषको कार्य संचालनका लागि एक जना सामाजिक परिचालकलाई जिम्मेवारी दिइनेछ ।

## भाग-५ विविध

१०) वडा समितिले अनुगमन समन्वय गर्न सक्ने :

१. वडा समितिले आफ्नो गाउं विकास क्षेत्रमा संचालित गाउं विकास कार्यक्रमहरुको नियमित अनुगमन गरी आवश्यक सुझाव दिन सक्नेछ ।

२. उपदफा ( १ ) बमोजिम अनुगमन गर्दा सम्झौता विपरित कुनै काम कारवाही भएको पाइएमा वडा

समितिले सो को जानकारी कोषलाई दिई सम्झौता विपरित भएको काम कारवाही नियमित गराउन कोषलाई अनुरोध गर्न सक्नेछ ।

३. वडा समितिले आफ्नो क्षेत्रमा संचालित गाउं विकास कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आफु संलग्न भई आवश्यक सहयोग पुर्‍याउनु पर्नेछ ।

११) प्रतिवेदन:

१. समितिले गाउं विकास कार्यक्रमको चौमासिक प्रगति विवरण गाउँपालिकामा तयार पारी प्रस्तुत गर्नु पर्नेछ ।

१२) अनुगमन : गाउँपालिका वा अन्य सरोकारवाला निकायले अनुगमन गर्न सक्नेछ ।

१३) प्राविधिक सहयोग : सामुदायिक विकास कोष अन्तरगत संचालित कार्यक्रमहरुमा प्राविधिक सहयोग उपलब्ध गराउनु विषयगत शाखाको कर्तव्य हुनेछ ।

१४) कोषको सुरक्षा र प्रत्याभुमि : यस कार्यविधि बमोजिम स्थापना भएको कोषको रकम मध्ये ऋणपूंजीको रकम चक्र कोषको रुपमा रहनेछ । सो रकम गाउं विकास कार्यक्रम संचालन गर्ने सामुदायिक संस्थालाई ऋण दिने प्रयोजनको लागि प्रयोग हुनेछ । उक्त कोषको आयबाट कोषको संचालन तथा व्यवस्थापनको लाग प्रयास गरिनेछ ।

१५) कार्यविधि बमोजिम हुने : यस कार्यविधिमा लेखिए जति कुराको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र अन्य कुराको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

१६) कार्यविधिमा संशोधन :

१. यो कार्यविधिमा संशोधन गर्नु परेमा आवश्यक छलफल गरी गाउँपालिकाले आवश्यक परिमार्जन गर्नु पर्नेछ ।

प्रमाणिकरण मिति : २०७५ फाल्गुण ९ गते

आज्ञाले

राजकुमार शाक्य

प्रमुख प्रशासकीय अधिकृत